संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -४५
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल साउन २१ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:३५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा प्युठान जिल्लामा बाढीले जनधनको क्षति हुनुको साथै घर र स्कुलका भवनहरु समेत क्षतिग्रस्त भएको, विद्यालयबाट फर्कने क्रममा मृत्यु भएकी बालिकाको मृत्युको विषय सभामा पटकपटक उठाइरहँदा पनि ध्यानाकर्षण नभएको, भोजपुर जिल्लाका विभिन्न ठाउँमा बाढीपहिरोले पुल, सडक, खेतीबाली र निर्माणाधीन संरचनामा क्षति गरेको, बारबर्दिया नगरपालिकामा बाढीले बगाएर दुई व्यक्तिको मृत्युहुनुका साथै एकजना घाईते भएको, सिन्धुपाल्चोक जिल्लामा एकजना बृद्ध महिलाको रहस्यमय ढङ्गले मृत्यु भएकोले तत्काल छानविन गर्नुपर्ने, नेपाल विद्युत प्राधिकरणका दुई सदस्यलाई सरकारले नियम विपरित बर्खास्त गरेको, सार्वजनिक लेखा समितिका सभापतिले उद्योगीहरुसँग गोप्यरुपमा भेट गरेको, आफ्नो निर्वाचन क्षेत्रका विभिन्न स्थानमा बाढीपहिरोको प्रभाव अवलोकन गर्न निस्कँदा युवा समुहद्वारा दुर्व्यवहार भएकोले उक्त समूहलाई तत्काल कानूनी दायरमा ल्याउनु पर्ने, मानविय सुरक्षाका लागि राखिएका हातहतियारको नविकरण गरिनुपर्ने, कञ्चनपुर जिल्लामा बाघको आक्रमणबाट एक महिलाको मृत्यु भएको, भोजपुर जिल्लाको साल्पासिलिचो गाउँपालिकाका विभिन्न स्थानमा आएको बाढीपहिरोले जलविद्युत आयोजनाहरु पूर्णरुपमा ध्वस्त हुनुकासाथै दुई कामदारको मृत्यु र एक घाईते भएको, दोलखा जिल्लाका विभिन्न स्थानमा आएको बाढीपहिरोले हाईड्रोपावर, सडक, बस्तीमा क्षति पुऱ्याउनुका साथै उक्त क्षेत्रको जनजीवन उच्च जोखिमको अवस्था रहेको, अविरल वर्षाको कारणले उपत्यकाका तीन जिल्ला डुवानमा पर्नुको साथै बाढीपहिरोले मानविय जीवनमा उच्च जोखिम र त्रासपूर्ण अवस्था सृजना गरेको, ललितपुरको महालक्ष्मी नगरपालिकाको विभिन्न क्षेत्रहरुमा बाढीले क्षति पुऱ्याएको, भक्तपुरमा बाघको आक्रमणमा परेर घाईते भएका विद्युत क्षेत्रमा कार्यरत दुई कामदारलाई जागिरबाट निलम्वन गरी अन्यलाई काममा लगाइएको, शेयर बजारमा चारवटा कम्पनीको कृत्रिम मूल्यवृद्धिमाथि छानविन गर्नुपर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० सुर्य बहादुर थपा क्षेत्री
२. मा० माया राई
३. मा० माधव सापकोटा
४. मा० सोबिता गौतम
५. मा० ध्रुब बहादुर प्रधान
६. मा० तारा लामा तामाङ्ग
७. मा० हेमराज राई
८. मा० गंगा कार्की
९. मा० प्रेम बहादुर महर्जन
१०. मा० रणेन्द्र बराली
११. मा० डा० अमरेश कुमार सिंह

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० विना लामा
२. मा० विनिता कुमारी सिंह
३. मा० श्याम कुमार घिमिरे
४. मा० शान्ती वि.क.
५. मा० शान्ती श्रेष्ठ
६. मा० शिव नेपाली
७. मा० शिशिर खनाल
८. मा० शेर बहादुर कुवँर
९. मा० सन्तोष चालिसे
१०. मा० सन्तोष परियार
११. मा० सपना राजभण्डारी
१२. मा० सरस्वती वजिमय
१३. मा० सराज अहमद फारुकी
१४. मा० सरिता प्रसाई
१५. मा० डा० स्वर्णिम वाग्ले
१६. मा० सिता कुमारी राना
१७. मा० सिता मिजार
१८. मा० सुनिता बराल
१९. मा० सुरेन्द्रराज आचार्य
२०. मा० सुशिला थिङ
२१. मा० सूर्यमान तामाङ (दोङ)
२२. मा० संजय कुमार गौतम
२३. मा० हर्कमाया विश्वकर्मा
२४. मा० हितबहादुर तामाङ
२५. मा० हितराज पाण्डे
२६. मा० हृदयराम थानी
२७. मा० ज्ञानु बस्नते सुवेदी

तत्पश्चात् माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिसोर साह सुडीले आकस्मिक, शून्य र विशेष समयमा उठेको विषयहरुमा जवाफ दिनुभयो ।

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० डा० प्रकाशशरण महत
२. मा० ठाकुरप्रसाद गैरे
३. मा० शक्ति बहादुर बस्नेत
४. मा० मनिष झा
५. मा० रोशन कार्की
६. मा० मेटमणि चौधरी
७. मा० सुशिला श्रेष्ठ
८. मा० रेखा यादव
९. मा० प्रेम सुवाल
१०. मा० चित्र बहादुर के.सी.
११. मा० प्रभु शाह
१२. मा० डा० चन्द्रकान्त भण्डारी
१३. मा० अच्यूत प्रसाद मैनाली
१४. मा० डा० तोसिमा कार्की
१५. मा० रामकृष्ण यादव
१६. मा० दयाल बहादुर शाही
१७. मा० चन्द्र बहादुर विश्वकर्मा
१८. मा० लाल प्रसाद साँवा लिम्बु
१९. मा० बासुदेव घिमिरे

यसैविच माननीय प्रभु साहले बोलिसकेपछि माननीय शिशिर खनालले गत महिनादेखि बंगलादेशमा चलिरहेको आन्दोलनमा तीनसयभन्दा बढी युवाहरुको ज्यान गएको कारण बंगलादेशका प्रधानमन्त्रीले राजिनामा दिएर देश छाडेको समाचारहरु आएकोले त्यहाँ रहेका नेपालीहरुको सुरक्षाको सुनिश्चितता गर्नुपर्ने भन्नु भएपछि सम्माननीय सभामुखले त्यस सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त राज्यमन्त्रीको नियुक्ति तथा कार्यभार सम्बन्धी निम्नलिखित व्यहोराको पत्र पढेर सुनाउनु भयोः-

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको नेतृत्वमा मिति २०८१/०३/३१ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८१/०४/१८ गते देहाय बमोजिमको राज्यमन्त्री नियुक्त गरी मन्त्रालयको कार्यविभाजन सहित कार्यभार तोक्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

देहायः

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १ | श्री अरुणकुमार चौधरी | राज्यमन्त्री | सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| २ | श्री रुपा वि.क. | राज्यमन्त्री | वन तथा वातावरण |
| ३ | श्री पूर्णबहादुर तामाङ | राज्यमन्त्री | ऊर्जा, जलस्रोत तथा सिंचाइ |

मिति : २०८१/०४/१८

(नारायणप्रसाद शर्मा दुवाडी)
सचिव

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १३ बमोजिम प्रतिनिधि सभा कार्यव्यवस्था परामर्श समितिमा माननीय रमेश लेखक र माननीय अजय कुमार चौरसियाको स्थानमा माननीय श्याम कुमार घिमिरे र माननीय सुशीला थिङलाई मनोनयन गरेको जानकारी गराउनु भयो ।

तत्पश्चात् माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि सम्वत् २०८२ साल असार मसान्तसम्म थप गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०३/२७ गतेको निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश सदन समक्ष पेश गर्नुभयो ।

तदुपरान्त माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले राष्ट्रिय सभामा उत्पत्ति भएको “शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निणयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल साउन २९ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०५:४५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव